CC-0. In Public Domain. Digitization by eGangotri

लेखक :—
माधवराज सुमार्गि

कविताभा रङ्ग र दुईकथा

मूल्य– एकरुपैया

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

कविताभा-रङ्ग

र

दुई-कथा

भारतीय राजदूतावास
काठमाडौं
२०२४

लेखक :—

माधव राज सुमार्गि

मकवानपुर

प्रकाशिका—

मूल्य १।– रुपैयाँ

विश्व कान्ति कलावती

मुद्रक— नारायणी अञ्चल पञ्चायत प्रेस, हेटौंडा।

CC-0. In Public Domain. Digitization by eGangotri

शुभेच्छा :-

माधव राज सुमार्गि ज्यूको कवितामा रंग, र कविता र कथा भन्ने कविता संग्रह हेर्ने अवसर पाएकोमा वहांलाई धन्यवाद दिन्छुं । साहित्य उन्नतिको लागि गर्नु भएको प्रयासको लागि वहा धन्यवादको पात्र हुनु हुन्छ, दिन-दिन वहांको उन्नतिको कामना गर्दछुं ।

अंचलाधीश बंगला,
बीरगंज

(हामो र शम्शेर ज. व. रा.)
अंचलाधीश

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

यो कवितामा रङ्ग नामक पुस्तक प्रकाशमा ल्याउने भोक मेरो घेरै दिन अगि देखि को हो, आज मेरा आत्मिय हितैषी साथिहरूले र श्रीमान् अंचलाधीश दामोदर शम्शेर ज्यूको ठूलो सहयोग बाटनै मइले यस पुस्तक लाई प्रकाशमा ल्याउन पाएँ।

सहयोगी साथिहरुको म अग्रिम रिणिछु ।

१. श्री भोला प्रसाद रिजाल, हेटौडा
२. " टेक बहादुर लामा "
३. " चक्रपाणि रिजाल "
४. " डिल्ली बाहादुर सिलवाल "
५. " प्र० पंच बासूदेव रिजाल "
६. " द्वारिका मान प्रधान "
७. " योगेन्द्र राज "
८. " खगेश्वर "
९. " कीर्ति मान तामाङ (जनरल मेनेजर टि. ति. एन.)
१०. " रामजी प्रसाद बासकोटा
११. " फणिन्द्र राज
१२. " रूद्र प्रसाद
१३. " ज्ञानराज अर्याल
१४. " नरेन्द्र प्रधान
१५. " गोविन्द खतिवडा
१६. श्री सु० मदन प्रसाद
१७. " रामकृष्ण गोखाली
१८. " कन्हैया लाल
१९. " टेक बहादुर बस्नेत
२०. " चेत नाथ ढकाल
२१. " नन्द रत्न स्थापित
२२. " धर्मराज ओ. सि.
२३. " होमनाथ लामीछाने
२४. " गंगा दास श्रेष्ट
२५. " गणेश लाल जनकलाल
२६. " गणेश लाल
२७. " लक्ष्मण बाबु
२८. " दाहाल कृष्ण
२९. " कृष्ण प्रसाद पराजुली
३०. " रूद्र बहादुर यु. एस. एड

CC-0. In Public Domain. Digitization by eGangotri

कविता
एकोमा
को ला
को पात्र
मना ग

अंचलाधी
बीरगं

CC-0. In Public Domain. Digitization by eGangotri

जनताको भलाई जाँहा छ,
ताँहि मेरो आत्मा बास बस्छ ।

विकाश मर्न लौ तम्स एक करोड़ दाजुहो ।
नेपाल हाम्लाई भन्दछ यो मातृ भूमि तिम्रै हो ॥
श्री ५ हाम्लाई बोलाऊँछन् कस्क-स्लाइ के के मार्काछ ॥।
आएर मलाई भनन् देशमा के के त्रुटीछ ॥ १ ॥
व्यवस्था कस्तो कहाँछ खुलस्त याँहा भनन ।
यो देश सबको साझाछ काँधमा काँध मिलाउन ॥
नेपालको निम्ती गर्नुछ यैदेशकै भर पर्नुछ ।॥
राष्ट्रको लागि करोड़ले मिलेर साथै गर्नुछ ॥२॥
सही नै आलोचनाको कदर मइले गर्नुछ ।
खुलस्त मइले भनेको माहान–बाणि सामुछ ॥
आएर मलाई भनन स्वार्थी पना कहाँछ ।॥
जनताको भलाई जाँहा छ ताँहि मेरो आत्मा बास बस्छ ॥३॥

(*)

जस्ले चिन्यो देशको माटो

जस्ले चिन्यो योदेशको माटो ।
जस्ले खन्यो आफ्नो बारिको पाटो ॥
लाउँछ तेस्ले पुरानु मितेरी नाता ।
भन्यो पेट, तेस्लै अरुको साटो ॥१॥

CC-0. In Public Domain. Digitization by eGangotri

चक्का के भन्छ ?

चक्का भन्दछ आफनो चालमा,
भन्दछ पिधछु अहिले आवोस् ,
बईरामा खांचो हुन नपावोस् ,
गहूं , जउ , मकै, कोदो होस् , किन छोड्यें मइले पिधने जोस् ।
चक्का खालि घुमि रहन्छ,
तेस्मा भबका यात्रु पर्छन
नभमा उड्ने पन्छि सिबाय,
भबका बट्टाहरु सब खायें ।
केबल घुन चाहिं बाँकि रहन्छ,
सो पनि बुद्धि पुऱ्याई भारछ
पिधन थाले यदि घुन मइले
आहारा पाउन्न कैल्यै मइले ।
यसै मात दुनियां चल्छ,
चक्का मेरो हरदम हिड्छ,
राजा होस बा गरिब फकीर,
यस्मा पर्छन बडा अमीर ।
भबको चाला एस्तै रहेछ,
ब्रह्माले आशिष बेकार दे छ ।
कुनदिन मइले बोलाउनेछु;
कस्को धर्मा गई आउनेछु;
यो सब बुझ्नेको को होला,
पाँए मैले अमृत चोला ।
चक्का बन्नु तपै-रेछ,
आखिर भबमा यस्तै रहेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हिच–कीचाउनै हुन्न ?

उ प्रेत भई कुनामा छिप्न लागेको,
पारिवसी भोको पेटले हेरि रहेको,
भ्यान्म भई कुनामा छाया देखाएको,
छाँयाको लोभले जानेलाई ताँहि बुताएको।
इखालु बानि तेस्को साँपको झैं डस्ने,
भोको पेटले छिपि - कन किन पस्ने,
पानी पिई बाटो हेरि प्यास मार्न पर्ने,
भोको मात्र भई बसि केको आस्ले टिक्ने ॥
प्रस्ट बोलि विश्वास साथ आफुलाई भन्न पर्ने,
भित्र बसि नेता धाक बेकार केलाई गर्ने,
सकने जत्ति काम बरू आफ्नै हातले गर्यो,
राज र ताज को बफादारि सके जति गर्यो ॥।
ताजको रिस हाम्ले गर्न गो–हत्या नै लाग्छ,
राजाको रिस हाम्ले गर्न हुन्न भन्नु पर्छ,
आत्म प्रायश्चित्त अब सबले गर्न पर्छ,
राजा प्रजा यउटै व्यथा लिई अघि सर्छ ॥॥।
बाहिर बस्ने कुख्यात नीति हाम्ले लिन हुन्न,
गुटबन्दी पार्टि–पार्टि भए छिन्न भिन्न,
भूमि सुधार लागु हुदा मोहिहरु कायम पाए,
पंचायती लागु हुदाँ सबले सुखपाए ॥॥॥

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थालाई सफल पार्न हि किचाउन हुन्न,
भूमि जोताहा खुशि भए तामन्ति छिन्न भिन्न,
मुद्रानीति सबै मिलि सफल पार्न पर्छ,
हा रे रू० को चलित फिर्ती हाले गर्नु पर्छ ॥"॥

ख्याल होइन

१

यो देश हो गाँउ होइन,
व्यवस्था हो ख्याल होइन ।
राजा साहसि हुनु,
जनता सक्रिय हुनु ।

२

दोषता हुत्याउनु,
गुणता अर्ज्याउनु ।
आलोचना कहिल्यै नगर्नु,
गरे एक एक केलाउनु ।

३

नेतागिरि गर्दै नगर्नु,
नेता बन्दा नेतृत्वको अहंकार त्यागनु ।
हरेक प्रति विश्वास नगर्नु,
विश्वास गर्दा दृढता गर्नु ।
अहंकार गर्दै नगर्नु,
गरे पछि पुऱ्याई छाड्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

हेरस् !

हेरस तँ बिछट्ट चनाख छस्
तँइले आफ्नो सामराज्यै खडा गर्छस्
सम्राट झैं धांक र भर्याँक दिन्छस्
दुई प्रति आफु–आफुमा झगडा गराई दिन्छस् ।
तँ बिछट्ट बाठो छस्
तँइले आफ्नो सुर छोडदैनस्
तँइले आफ्नो स्वभाव्
रातदिन ट्यूशन दिए पनि बिर्सेन मा·दैनस्
छुट्टै क्लास लिई देशका ठूला – ठूला
सँग , छलफल गरि सँके
सुट पाइन्ट वाला सँग
तेरो विषयमा गुनासो पोखि सँके ।
हेरस ? तँ बिछट्ट चलाख छस
जाँहा पनि तँइले आफ्नो राज्यै खडा गर्छस्
र होस् तेरो लहै-लहैमा सबै लाग्छन्
तेरो सँगत गर्न जगत फाल हाल्छन्
हेरस तँ बिछट्ट चलाख छस् ।



CC-0. In Public Domain. Digitization by eGangotri

विलाशिता

कालो गोरो जेसुकै जन्मियोस्,
यो सुवर दुखःको संसारमा
एक केवल मूर्ति मात्र भई जन्म हुन्,
कुनै युवकले अपनो क्षणिक—
सुखर आनन्द को प्यास मेटन कोहो–
यो संसारमा तृण भई देखापरेको
सुखलाई लात हानि दुखलाई–
—प्रेम गरि कर्तव्य पालन गर्नपरेको
मानव भई जन्मियोस्–
होइन विलास गरेको '
जीवनमा सुख मात्र पावोस—
–मनि होइन रात काटेको'
दानव होस वा मानवहोस्,
छैन बाजि रुपैआको
केवल क्षणिक प्यास मार्न
गर्भधान गर पुत्र या पुत्रीको ।
चाहे होस वा बढा अमीर,
गरीब कृपक हुन्छ फकीर ?
त्यो सब वास्ता राख्नु छैन,
विलाशितामा याद हुदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

केवल स्नेह तिम्लाई गर्छु ,
वास्नाको भोग पुरा म गर्छु ।
सुख र दुखःको वास्ता छैन ,
क्षणिक भरता होस हुँदैन ,
काली गोरो मुर्ती जन्मियोस ,
यो सुख र दुखःको संसारमा
बुद्धि तेस्को मानवको होस् ,
खास यउटा मानव जन्मियोस् ।

दुईटुका

देशको सर्व - भौमिकता ,
नेपाली जनमा एकता ,
पंचायती राज्य व्यवस्था ,
सहकारी साझा ठूला संस्था ॥१॥

सहीदको बलि–दानता ,
पंचायती प्रजा तन्त्र सफलता ,
भूमिसुधार जस्तो अमूल्य व्यवस्था ,
हामी करोडौं नेपालीको एकता ॥२॥

—: ❀ :—

CC-0. In Public Domain. Digitization by eGangotri

युवक कवि मोतीको स्मृतिमा

लाखौं वर्ष वितोस् यहि स्मृति रहोस् साहित्य प्रेमि कन ।
मोती जी कविका स्वर्ण - ज्ञरमा सनमान गरि सम्झन ॥
एकसौ दुई अवधि भएछन पुरा यहीं भदौ मासमा ।।।
माहि दिन झट्ट सम्झि कविजन मिलि गरौं आदर भाषण ।।१।।

सानु सानु स्मृति गरि वरि कन याँहा मोतीका संझनामाहा ।
सारा साहित्य प्रेमि कविजन-हरूको प्रेमका बिचमाहाँ ॥
यस्ता आदर्श उत्सव समय समयमा देश र काल हेरि ।।।
गर्ने पर्ने सकल जन: मिलि काँधमा काँध फेरि ।।२।।

मोतीका संझनाम जुन कविहरुछन् भेट याँहा भयेका ।
बिचार अलग अलगछन् तर विषय उही लिछन् जुटयेका ॥
अमर तिलान - जलि दि सुहृदयले मोतीका संझनामाहा ।।।
सारा साहित्य प्रेमि कविजनहरूमा गर्छु प्रणाम याहाँ ।।३।।

—:◎:—

श्री ५ यूग प्रर्वतक, इश आस हुन् ।

राष्ट्र नायक प्रजा पालक वीर—महेन्द्र,
यो देशका प्यारा राजा हाम्रा महेन्द्र
सारै खुशि भएका छन् देश विकाश देखि
सारा देश घुमिकन बुझ्यौ खबर लेखि ।।१।।

CC-0. In Public Domain. Digitization by eGangotri

इश आँस राजा–देखि सबै खुशी छन्
नेपालीले देखेकोछ यहाँको ठूलो गुण
भूमि सुधार व्यवस्थाभो नेपालमा सुन
हाम्रा प्यारा श्री ५ नै नेपाल तारा हुन् ॥२॥

इन्को कीर्ति अकंटक होस भन्ने आस गर्छु
नेपाल रक्षक पशुपति सँग कोटि बिन्तिगर्छु
नेपाल चाडै बन्छ भन्ने ठूलो आस गर्छु
श्री ५ को सदिच्छामा ठूलो भर पर्छु ॥३॥

भूमि सुधार सफल पारि झण्डा समाउ सम्विधान मनाउ

भूमि सुधार कदम - देखि हर्ष सबै भयौं ।
बल्ल हाम्रो मोही—हक आज कायम पायौं ॥
युग–युग को मांग पनि आजै पुरा भयो ॥।
प्रणेताः - को ठूलो बिचार आजै लागु भयो ॥१॥
भोट, मधेश हाँसे–कोछ भूमि सुधार देखि ।
मेरो सानु बिचारले यति मात्र देखें ॥
नेपाली हो सम्विधान आवो मनाँऊँ ॥।
एक करोड नेपाली भई झण्डा सामाऊँ ॥२॥

CC-0. In Public Domain. Digitization by eGangotri

सुयोग्य नीतिलाई नभूल

अतीतको दुखलाइ बुझेर,
सुयोग्य नीतिलाई नभूल,
मानव बन्ने भोकमा,
अरुको संझनालाई नचुढ्ने ॥१॥
अर्काको प्यार मेटी,
भद्र; बाबु बनी माग्नेलाई नदेउ भेटी
नयाँ सड़कमा अलपत्र पर्दा,
दुइटा पैसा फ्याँकि घर जाने हतारले गर्दा ॥२॥
आहा भरियको दिलले सक्दो देउ प्यार,
तेस्ले पाउनेछ बरू ठूलो सार,
होइन भने तिमीलाइ केको हतार,
यस्तो समय आउँछ तारं-तार ॥३॥
तेस्मा बाटो पैल्याई गर्लाउ वार पार,
यो पृथ्वीमा मानव बन्ने के अधिकार
जुन व्यक्तिको कर्तव्य क्यै छैन पत्यार,
अथवा जुन व्यक्तिको सिद्धान्त नै हुन्छ हजार ॥४॥

卐

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो दिन रुचायको दिन

चैत्रको उराठिलो दिन,
तराईको जङ्गल डढेर तुर्वालो उठेको दिन,
बसन्तको कोकिल सिवाय सम्पूर्ण जीव विरक्त गायेर हिंडेको दिन ।
केवल घना-जङ्गलमा सिवाय कोकिल बाहेक, कपिराज, बनैया जीवहरु तिर्पाले तड़पायेको दिन ।
गाभिंणि हरिणहरु आफ्ना–आफ्ना संगातिका–ग्रुपहरु भई पियासले झरेको दिन ।
सिबाय बसन्त ऋतु बाहेक अरू ऋतुहरुमा आफ्ना प्रेयसी प्रेमिकाहरु सँग हाँसी विलाशियको दिन ।
आज बसन्तका पालुवा वृक्षराजले प्रकाश नगरूनजेल विरक्त भई सम्पूर्ण आनन्द विग्रेका दिन ।
ती हरिण ती कपि सब खोज्छन केवल बसन्तका हरियाली दिन ।
पाँयौं पुरा बल्ल चाहेका दिन, बल्ल आए रुचायका दिन,
अनि बल्ल ग्रुग्ध-मय भएर हिडेका गैडाँ बनेलका बथान डुबुल्कि मारेर आसर प्यासले इच्छापूर्ण गरेका दिन ।
सम्पूर्ण बटुवाहरु सुगम र सीतल हावाले प्यास मेटायर आफ्नो आफ्नो बाटो तताएका दिन ।
हरिव कृषक वर्गहरू बालि लगाइ सारा काम भ्याई पाएका दिन ।
आषाढको रोपाई सिध्याई असारे र सियाली खुसिले गाएका दिन ।
बल्ल पाँयौ ती हाम्रा मितेरो दिन,
बल्ल आए रूचायका दिन ।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व पश्चिमको आहवानमा युग प्रवर्तक

विकाश भयो नेपालमा बाटो र घाटो बत्तिको ।
श्री ५ हाम्रा राजाले विकाश गरे यतिको ॥
पूर्व र पश्चिम खुल्यो है इन्कै ठूलो आह्वानले ।
नेपाली सारा भन्दछन् नेपाल सम्पन्न प्रकाशले ॥१॥

पूर्व र पश्चिम टाढा थ्यो सम्बन्ध थिएन बाटाको ।
बाटोमा खुल्यो चौतर्फि सम्बन्ध छिट्टै हाम्रो भो ॥
दश दिन लाग्थ्यो पुग्नलाई कहिले हो कहिले बासलाई ।
म हिंडे आज घर्बाटै साँझमा फर्के घर्मै आई ॥२॥

पूर्व र पश्चिम जोडियो महेन्द्रको आह्वानले ।
होस्टे मा हैस्टे गर है भन्छ हामीलाइ हाम्रो नेपालले ॥
बाटो र घाटो खुल्नत खुल्यो एकलौटि होइन ।
म मेरो भनि हामीले आज कुर्लनु ठिक होइन ॥३॥

छिमेकी राष्ट्र मदत गर्छन् व्यक्तिलाई होइन ।
नेपाल फुलोस भन्दछन् राजा आफुलाई होइन ॥
यो देश फुलोस सँघै नै भन्दछन् चिन्तामा डुबेर ।
आखिर हामी अबुझ भयौ जानेर बुझेर ॥४॥

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी एक युवक

डुब्न लागेको सूर्य लाई हेरेर,
तेस्को ताप छैन भन्ने नठान,
चाउरि परेको अनुहार लाई हेरेर,
दिलमा प्रेम छैन भन्ने नठान,

फुल –चोकिको डाडोलाई हेरेर,
पारी पनि डाँड़ै छ भन्ने नशोच,
छ्याकटे अनुहार लाई हेरेर,
दिल पनि ध्याकटै छ भन्ने नशोच,

नदीको चंचलता लाई हेरेर,
समुन्द्र चंचलछ भन्ने नसोच,
आफ्नो राम्रो रुपलाई हेरेर,
मेरो हिसी नपरेको अनुहारलाई खिसी नगर।

महान शक्तिको सार्मथ पाएर,
तिमी भन्दा बलियो छैनभन्ने नसोच,
आजको संसारलाई हेरेर,
भोलि पनि यस्तै होला भन्ने नसोच,

संसारको परि–वर्तित रूपलाई हेरेर,
तिमी एक यूवक केहि गर्न सक्दैन भन्ने नगुन,
सूर्यको ताप चन्द्रमाको सीतलतालाई हेरेर,

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी एक्लोछौ तापनि हाम्लाई चियायर यो देशलाई सुसंम्पन बनाउन
तिमी एक्लोछौ तर तिमी पछि हो करोडलाई हेरेर
आशाको उत्साह उमङ्गलाई बढाउन,
पवित्र नेपाल आमाको गुहारलाई हेरेर,
म एक्ले पनि आमाको मुहारमा मुस्कान ल्याँउछु भन्छन् ।

देश व्यापी साहित्य सेमिनार रामपुर द्वारा प्रशित भएको कविता हो ।

(◡◡)

पोखराको फेवा

क्यारम्य आहा फेवा भनि, कति भावुक छक्क परे पनि ।
कति सुन्दर ताल फेवा भनि, कतिलेत कोरे कविता पनि ।
मगर तेहि हेर्न ताँहा भनि, अति भव्य गिरीराज देखें अनि ।
पोखरा अती उत्तम स्थान अहो, माहा भिष्म गिरिराज महेन्द्र बढो ।
सेती नदी शुभ्र-सलि बगदो छ ताँहा, महगि तहाँको मभनुके याहाँ ।
पोखरा अति उत्तम स्थान भनि, भित्रराष्ट्रहरू जाँऊ हेर्न भनि ।
धाँउछन् प्रियतम हरुलि सँगमा, पोखरा अति उत्तम स्थान माहाँ ।
महगि बढदा अति झन दिन दिन, फेवा नभए नहुने रमझम ।

—(०)—

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयंशेवक बन्दाखेरी पर्ला भरे रूनं

व्यवस्थामा गीत गाउने बाहिर देखापरे ।
देश भक्ति बफादारी अराष्ट्रिय अरे ।।
पञ्चायत भूमिसुधार सबको साझा होल्यो ।।।
पच्चिस—बिगाहा जग्गा सम्म आफ्नै गाउँमा जोल्यो ।।१।।

यस्तो राम्रो व्यवस्थाछ एक करोड़को साझा ।
देश फुलोस भन्ने भाषण गर्छन हाम्रा राजा ।।
"एक करोड मेरा प्रजा सबै सुख पाउन् ।।।
भर पेट खाई कार्य-शिल हुँदै बढ़दै जाउन् ।।२।।

बिचमा बस्ने भद्रहरूः नाता मात्र खोज्छन् ।
उच्च—तह खालि हुँदा साला, भान्जा रोज्छन् ।।
यक दुई हरूले भने भनि बिरोधि हो थुन ।।।
'जिल्ला प्रभूषहरूलाई आउँछ टेलि-फोन ।।३।।

एक पेट खाई आफू स्वयं कार्य-शिल हुनू ।
स्वयं शेवक बनी हिंडदा पर्ला भरे रूनू ।।
कार्यकता बने-कोता असल कार्य गर्न ।।।
एक करोडको उन्नती हक फरक कति छैन ।।४।।

CC-0. In Public Domain. Digitization by eGangotri

देशको निम्ति गर्छु भन्दा गरिबी मेरो सामुछ,

देशको निम्ति गर्छु भन्दा मध्य—रातमा छोरो रून्छ ।
रू, चोनले सँघैं जस्तो मेरो घाउमा नूनछर्छ ॥
मेरो आशा चन्द्र पुग्नेछ तर म एक्लोछु ।
मेरो आशा उल्टो चल्छ तर म तल झर्दैछु ॥
रस्ता, चीन माथि जान्छन मेरो घाउमा नून छर्छ ।
मेरो दुखः मलाई रोक्छ गरीबी मेरो सामुछ ॥
देशको निम्ति जन्मे भन्ये तर मलाई धिक्कारछ ।
गर्छु भन्छु मध्य रातमा छोरो उठि खॉउ भन्छ ॥
प्रिया भोकै दिनहुँ सुत्छिन बालख चिच्याई उठि हात्छ ।
कत्ति रून्छ दुध आऊँदैन तान्दा-तान्दा झिर्न पार्छ ॥
मस्त निद्रा मेरो खुल्छ भन्छे छोरो साह्रै पिर्छ ।
खानु छैन दुध आउँदैन बालख राति चिच्याई रून्छ ।
प्रिया फेरि भन्छे :– भोलि बिहानै काममा जानोस वेलुका आऊँदा ज्याला ल्याउनोस् ।
भोलि उठि काममा जान्छ हजुर याहाँ के काम पाइन्छ ?
अढाई रूपैया तिम्ले पाऊँछौ उच्छा भए गर्न याल ॥
मइले सोधे कहिले पाऊँछु नाइके-मलाई बोलाई भन्छ ।
पन्द्र दिनमा पैसा पाँउछस नाइके भाग मेरो लाग्छ ॥
देशको निम्ति जन्मे भन्थे भोको छोरो मेरो रून्छ ।
म जस्ताले बाँचनु भन्दा मर्नु ठूलो श्रेय हुन्छ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

मध्य रातमा छोरो रून्छ म जस्ताले मर्नु वेस्छ ,
रुस, चीनले सँधै जसो मेरो घाउमा नूनछर्छ ।

सम्बिधान दिवसको उपलक्षमा

सम्बिधान तिथि उदय भयो ।
दुष्टहरूको अब सातो गयो ॥
देश–भक्तहरू अति खुशीछन् ॥।
किशान बर्गहरु नहुने किन भन् ॥१॥

देश भाँडहरू तड़फड़ाई रहेछन् ।
सज्जन मर्हजन खुब खुशिछन् ॥
भूमि–हिन जनलाई भूमि मिल्यो ॥।
दुनियाहरुको मुटू फुल्नु फुल्यो ॥२॥

श्री ५ महेन्द्र बढी खुशिछन् ।
देश प्रेमिहरु नहुने किन भन ॥
नब कार्यलाई बाहालि गर्‍यौ ॥।
दुखः सही कार्यलाई सीरमा धर्‍यौ ॥३॥

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वती स्मरण

हेसारदे तिमी बास बरछयौ ।
सवेरै उठि तोस्त्रका सामु परछयौ ।।
जो नित्य विद्या पढने मन गर्छ ।।।
दर्शन दिई शारदे सामु पर्छ ।।१।।



बिषमता

ए भोएका नर—कङ्काल पिचास हो,
मानवताको बिषमता—लिई दानवभैं किन दर्गुछौ ।
बाँझको टोडका भन्दा बिशाल मुख गर्दै रगत चुस्न किन दौडि रहन्छौ ?
बरू सक्छौ भने रगत जम्मा गर्दै रेड़-क्रस तिमी पुऱ्याइ देउ ।
एक भावि नेपाल-माताको धिरामीलाई तिमी बचाई देउ ।
संसार निर्माण गर्ने महा-नेता सम्राटलाई जोगाई देउ ।
विष्णु-मतीमा लगि गाडनु भन्दा अनाथालय पुऱ्याई देउ ।
महा कवि हुननकि ? नेता होलान पक्का तिमी बचाई देउ,
एभोकाएका नर कङ्काल पिचास समरक्षण गरि पुऱ्याई देउ,
रगत चुस्ने सामन्ते बानी आजै तिमी छाडि देउ ।
ए हिजो—देखि भोकाएका माहाभूतका प्रतीकहरु
आजै भोक पुरा गर्ने बानी तिमी छाड बरु ।
मानव भै दानव झैं बिषमता ली किन दर्गुछौ

CC-0. In Public Domain. Digitization by eGangotri

झरि

भाईहो इ झरिका दिन आए ।
भूमि–बर्गहरु खुब रमाए ॥
रोपि गोडिकन पारि तयारि ॥।
बान्दछन् घर—घरै त भकारि ॥१॥

झट्ट साहु पनि पुरछ घरमा ।
पोरको ब्याज पनिले क्याहो धर्म ॥
दिन्न भन्नु बरू माँग्ने छैन ॥।
अर्को साल तिमीलाई खेत दिन्न ॥२॥

काखे कामी मलाई पाउनत खेत ।
गर्छु खेति अति उन्नत साथ ॥
दिन रात आई कच–कच गर्छ ॥।
हुन्न पानि भन्दा खुबरून्छ ॥३॥

इमान्दारि भै खेति गर खेत दिन्छु ।
होइन भने आगे साल खोसी लिन्छु ॥
खेति गर्न पनि खर्च दिनेछु ॥।
रुप्पे पाथी आगे साल धान लिन्छु ॥४॥

बर दिन्छु खेति गर्न तेसलाई ।
बर्षा भरि खेति हेर्छ ध्यानलाई ॥
झरिका बखतमा पानी लाऊँछ ॥।
धान काटने दिनमा आउ भन्छ ॥५॥

CC-0. In Public Domain. Digitization by eGangotri

नव दम्पतिलाई छोटो सपना अनुभव हुन थाल्यो

दम्पति :- प्रभातको सुगन्ध चोखो छिरेटोमा ,
पूर्व पट्टीबाट सूर्यका क्षितिज देखा परि सके ,
दुई दम्पतिको पारस्परिक गहिरो संझनामा ,
आँखि भयालका कैयौं साना-साना बिन्दुबाट ,
सुटुक्क च्याउन थाले, बिचरा यूगल दम्पति सर्म्ले आतिए ।
माघ, पुषका लामारात पनि छोटो अनुभव हुन थाल्यो ,
दुई दम्पति एकै स्वरमा सुर्यको क्षितिजलाई सराप दिन थाले ।
धिक्कार तँइले प्रकाश पाएको ,
हाम्रो सपनामा बाधापार्न , धिक्कार—धिक्कार गर्न थाले ।

सुर्य :- यसैमा त गर्वछ, मेरो काम युगानु—युग देखि यहि भईरहेछ ।
यत्त बिठ्याइलो सपनामा ती लाँखा—लाँखा ले ,
आफ्नो ज्यान तृण समझि सुम्पि दिये ।
भिष्म—पितामहलाइ सपना के हो थाहै भएन ,
भला भारतका कृष्णले लाँखौ सपना देखे होलान् ।
कृष्णको जोडा बन्न तिमी सँग गुण्ड्याई के होला ,
केवल कल्पना-लेनै कृष्ण झैं लुप्त हुन्छौ भने ,
के आश्चर्य भयो यो संसारमा ।
यस्तै सपना देख्ने घेरै सुने सपनाको आशा छाडिदेउ ।
बाबु सपनाको आधार व्युँझेपछि देख्ने सपना यादगर ।
तेस्मा हुन्छ ठूलो मज्जा अनि सँगै सुख पनि ।

CC-0. In Public Domain. Digitization by eGangotri

होइन भने यस्ता सांसारिक सपनाबाला कत्ति गए, कत्ती मत व्यूझों भई छिपि रहेछु ।
तिमी यस्ता खालका सपना छाडिदेउ ।
बिपनाको आस राखि आखाँ खोलि याद गर,
सपना छोडी बिबेकमा बिपनामा आई केहि गर ।

हाम्रो :-

हाम्रो देश हाम्रा राजा हाम्रो नेपाल साझा,
हाम्रा किसान देबताका माहाइन्द्र राजा,
हाम्रा राजा जे-जे दिन्छन् बिकाश कार्य गन,
हाम्रो नेपाल तम्सेकोछ अरू सरि उडन,
हाम्रो ज्ञान लगन ध्यान राष्ट्र सेवाहोस्,
हाम्रो पुर्खाको सान राख्ने हामी सक्कोस्,
हाम्रा दाजु दिदी—बैनी एक करोड़ नामी,
कल्प कृक्ष बँधैचाका माली सारा हामी,
हाम्रो नेपाल रमाइलोछ हिमगिरी माथा,
हाम्रो तेनजिङ नाम हेर्दौं कति उचता छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुखः देख्दा हाँसो गर्छन

साथ दिने कोहि होईनन्,
कठै मुखले ठिकै पार्छन्,
आपनो भन्ने हाँसो गर्छन,
दुख; पाउदा ठिक–भो भन्छन
नारद बन्ने नीति छैन,
नारद न भए बाँच्न सकिने छैन,
तेसैलेत हासो उठछ,

यो समाज अझ साँगुरिदै छ
पछि खुलम–खुला थाहा हुनेछ,
आपनो खुट्टामा हिकाँई ऊ रुनेछ,
जन–संग्राम गर्ने ताकत छैन,
गुण न गाई सुखै छैन,
स्तोत्र समझी जय जय भन्नु
दुखको दिन वर्षौं गन्नु,

तेसैले बरु चाकरि पछि लाग्नु
नाता सोभ्याई जागिर खानु,
देशको सत्ता वास्ता छैन,
पछिको दिनलाई रास्ता छैन,
तेसैले त हासो उठछ,
सही बोल्दा विरोधी भन्नु,
सही बाटोमा हुदैन चल्नु,

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई लगि थुनी हाल्नु,
अनि मलाई किन हाँसो न उठनु
तेसैले त हाँसो उठछ,
मरिमरि खित्का छुटछ,
सही बोल्दा दुख हुन्छ.
इमान्दारलाई कल्ले छुन्छ,
गरिबको दशा यस्तै हुन्छ.
अनि मलाई एकदम हाँसो उठछ।

आमाको आँसु पुछेर छाडौ समस्त जुटेर।

आमाको आंसु पुछेर छाडौ बनाउन नेपाल।
हिमाल मनि भएको राज महेन्द्र भूपाल॥
पृथ्वी नारायण उदय भए बिशाल नेपाल।
गौरव पायौ एक मुस्ट भयौ राष्ट्रका सेवक॥१॥

नेपाल –भूमि रत्नक राजा महेन्द्र बिशाल।
भावना हामी सदैव राखौ बनाउ नेपाल॥
पूर्वमा मेची पश्चिम कालो सिमाना बाँधेर।
आमाको आँसु पुछेर छाडौ समस्त जुटेर॥२॥

CC-0. In Public Domain. Digitization by eGangotri

यो देश हाम्रो साझाहो

यो देश हाम्रो साझा हो,
महेन्द्र हाम्रो राजा हो,
पंचको देशमा हक्क छ,
व्यवस्था राम्रो पार्नु छ,
कदम चाँडो चाल्नु छ,
देश-द्रोहि हाम्ले फाल्नु छ
यो देश हाम्रो प्राण हो,
यो मातृ—भूमि मुटूहो,
मुटूको देथा हेर्नु छ,
औषधि छिटै गर्नु छ,
औषधि देशमा थोरै छन,
देशमा डाक्टर कमी छन्,
श्री ५ हाम्रो डाक्टरी-
औषधि गरि बक्सन्छ,
डाक्टर ताजिम कमीछ
तेसैले छिटै फेरिन्छ,
पंचको ठूलो जिम्माछ
यो मातृभूमि हेर्नु छ,
व्यवस्था हाम्रो हेरेर
सफल पार्न पर्नेछ,
यो देश हाम्रो साझाहो
महेन्द्र हाम्रो राजाहो,

CC-0. In Public Domain. Digitization by eGangotri

लाम सुरेको एक सुरमा

चीर कालको दीर्घ आसमा ।
बेलुकी पख छाप्राको बासमा
सुख र दुखःको अट्ट हासमा,
जन-भावना कार्य असफलताको त्रासमा
"सुमार्गि" को दोहोरो स्वाँस प्रस्वाँसमा
देश र व्यवस्थाको परि-हासमा
सफलताको घुट-घुटे सास फेरेको आवाजमा
सपना विपना यहिनै व्यवस्था र नीति सुधारमा
रात बिहान यही एक करोडको सुख दुखःमा
प्रोत्साहन दिई साथदिने जोड्मा
नरेश, देश प्रेमीहरुको होड्मा,
"सुमार्गि" को सुयोग्य नीतिमा
काला छिदा पुर्याउनेहरूको टेकमा
राष्ट्र-घातक धन र सुन्दरमा
सिद्धगरि चेत दिने बिजोडमा
भूमि, बचत सुरक्षाको आवाजमा
सामन्ति र पूँजि—पतिहरूको ठूलो धाकमा
दुखीः सुमार्गिको यउटै जन—आवाजमा
भ्रष्टाचार अत्याचार उन्मूलनको नारामा
बडे—बडे अपराधि अनुसंधान गरि राजा र देशको वफादारमा

CC-0. In Public Domain. Digitization by eGangotri

एक करोड दुखिः जनताको आसमा
सुमार्गि—को निवासमा ,
दुखिः मनको परिहासामा ,
सामन्ते दलालको विरोधमा ,
लेखिएको यो सानु विचारमा ,
त्रुटि भए क्षमा पाँउ पाठक वर्गको विवेकमा,
साहित्यिक ढङ्ग न भए,
व्यङ्गात्मक रुपमा ,
यहि राखियको विश्वासमा, रातको कलमको विश्राममा,
लामसुरेको रातको एक सुरमा ,
कर्मिष्ट——पुरको छाप्रोमा ,
लामसुरेको एक सुरमा ।



साली साह्रै मन पर्छ

साली काली भए पनि मलाई साह्रै मन पर्छ ,
किन कि ? सालीको हाँसोको-मुस्कानमा प्रेम छिपेको हुन्छ,
त्यसैले पुडकी, थेप्चि नेपटि, काली किन नहोस् ,
साली नामै मलाई खुब मन पर्छ ,
साली मलाई माह्रै मन पर्छ ।
सालीको खोक्रो रिसको हाँसो भएपनि ,

CC-0. In Public Domain. Digitization by eGangotri

भिनाजु त उसैको हक लाग्छ ;
त्यसैले साली मलाई औधि मन पर्छ ।
तर बुढा पुरानाको जमाना उहिल्यै गयो ,
साली भिना–कै भयो ।
त्यसैले साली मलाई खुबै मन पर्छ ॥
आहान हाम्रो प्रस्टछ, गुन्द्रुक केलाई पकाउनु,
साली आफ्नै हक भएपछि केलाई हामीले फकाउनु ।
तर सम्बिधानले साली बियोगको घोषणा गर्‍यो ,
घोषणाको सिर्षक यही राख्यो ,
गुन्द्रुकलाई पकाउनु पर्दैन , सालीलाई फकाउन हुदैन ,
तर मेरो कबितालाई सम्बिधानले लछारेन ,
सालीको हकमा भिनाजुलाई लत्याएन ,
त्यसैले अब साली काली भए पनि ,
मलाई औधि मन पर्छ ।
सालीको हाँसोमा नयाँ -प्रेम खिलेको हुन्छ ,
त्यसैले मलाई साली औधि मनपर्छ ,
साली भिनाजु–कै हक हुन्छ ,

CC-0. In Public Domain. Digitization by eGangotri

बिजया

तिमी बिजया आई हाल्यौ, सबका चोकमा खुन अफाल्यौ ।
साथि सगुन लिई घर आए, बिजया मङ्गल सबले गाए ॥

शुभ कामना भन्छिन दुर्गा,
बोको काटी कानी पुजा,
घर-घर खान्छन चिउरा भुजा,
मासु, कबाफ कालो बोको,
पुग्छ कहिले मनको धोको
तृप्त पार्छु शुभेच्छुक परिवार,
कबाफ खाई नूतन लाई,
राम्रो नाना हामीलाई,
पिंडमा भूल्छन दङ्ग रमाई,
तल्लो घरकी ठूली नानी,
माथ्लो घर्की पातली सानी,
जम्मा भई कुरा गर्ने,
बाबुलाई रिनमा गाढ्ने,
बोको हाम्रो सानो थियो,
भन्छौन सानी तॉही आई,
पातली भन्छिन नौ धानिं थ्यो,
खाइयो खुब गरियो मोज,
हाम्रो घरमा रात दिन भोज,

तिमी बिजया आइ हाल्यौ, सबको चोकमा खुन अफाल्यौ ।
साथि सगुन लिई घर आए, बिजया मङ्गल सबले गाए ॥

CC-0. In Public Domain. Digitization by eGangotri

छोरो अरुण पाएको रात

परंपरा इतिहास अनुसार , उदय भएको त्यो अरुण ,
दस-मास पूर्ण गरि , देखा परेकी ती अरुणा ,
चौविस घण्टाको परिक्रमासकि ,
थाकेर देखा परेको सुर्य झैं ।
दसमास पुरागर्न घात प्रति-घात सहेर मौन रहे झैं ,
सुयोग्य निर्दोषी, आमाको पेटमा लात हिर्काएर ,
चीत्कार गरे र अन्धकारबाट टाउको देखायरै ,
सुयोग्य पथ देखाउन, स्नेहि माताको गर्भमा दुख दिएको,
परम्परा र प्राकृतिक, बिधिभैं, कुल र धर्मको इज्वत राखि ,
नेपाल, समझि जन्म भूमिको सेवागन, उदय भएको यो अरुण,
हिजो बेलुकाको अन्धकार साँग घमासान गरि ,
विजय भई देखा परेको त्यो अरुण ,
आपसि सदभावना, राखि, यो भूमिको सेवागर्न ,
सत्य बाचा- बन्धन बाधि देखा परेका इ दुई अरुण ,
आफ्ना—आफ्ना परिक्रमा , सकि उदय भएका इ अरुण ,
परम्परा र इतिहास अनुसार, उदय भएका ती दुई अरुण,

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय दिवस २००७ सालको संझनामा

चार कालको दीर्घ आसमा,
त्रिभूवनको त्याग तपमा,,
शासक राणाको आहुती भयो,,,
प्रजातन्त्रादि मौलिक हक मिल्यो,,,
सेना भर्नाभो मुक्ति नाम रह्यो ।
हात्रो त्यागको भेल छिटै फुट्यो ॥
स्वतन्त्रा मिल्यो जाहानिया छुट्यो
एकता जन्म्यो राणा अन्त्य भो
राजा प्रजाले एउटै जोडगरे ।
राणा फालने बलियो होड्गरे ॥
देश खातिर राज्य त्याग गरि ॥
वायुयान चढी ठूलो आँट गरी ॥ ॥
महान नेता प्रभो देश खातीर ।
राष्ट्रको मुकूट भारतै तिर ॥
राणा अन्त्यमा ठूलो जोड दिये ॥
देश त्याग गरि नेत्र खोल्दिये ॥ ॥
आयु बाँकी भ्यो रोग पस्न गो ।
इच्छा बाँकी भ्यो हंस उड्न गो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

पंतालीस वर्षको वर्ष-गाँठमा ।।।
रोग पस्नगो मौसुफ गाथमा ।।।
जिम्मा पर्न गो जेष्ठ पुत्रमा ।
महेन्द्र दृष्टिले आज हामीमा ॥
पर्न गो असर गर्न पर्छ है ।।।
पंच-हौ अब देश रक्षेकै ॥ ॥
सत्र सालको त्याग ठूलो थियो ।
उनीस सालमा पच नाम रह्यो ॥
पञ्चहरुमा देश सुम्पियौ ।
समग्र माफीकै सम्विधान दियौ ॥
धन्य हौ तिमी आदर्श वान पुरुष ।
यै देशमा हुन्छ लाल-गुराँस ॥
यै राज्यमा गैंडा नामी छ ।
कालो टोपीको चलन यही छ ॥
भि. सि. पाउने खुकुरी (देश) यहीहो ।
हाम्रा सहिदको आस यही थियो ॥
यहि बिचार थियो आदर्श राजाको ।
आज हामीमा हर्ष खुब मिल्यो ॥
दुई हजार सातको पर्व यहीहो ।
धर्म-भक्तको आस पुरा भयो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

सुक्र राजको देन यही थियो ।
डिल्ली पुग्नाको देन यहि हो ॥
यही सात गते स्वतन्त्रता दिवस् ।
माहान पुरुषको समझना हवस् ॥
गंगालालले यहि भन्दथे ।
दशरथ चन्द्रले यहि दिन गन्दथे ॥
चीनीया काजीले गर्नु काम गरे ।
देश खातीर इनी सब मरे ॥
प्रजातन्त्रको प्रर्वतक इनि ।
त्रीभूवनको प्राण साथ दिने ॥
इन्को आर्जनै हामीमा फल्यो ।
एक करोड हामीको भाग्य लौ खुल्यो ॥
देशका महान पुरुषले फाँसि पाई मरे ।
इन्का आत्मिपले फुल्छ देश भरे ॥

प्रगतिशील पुस्तक तथा पत्र-पत्रिका-हरुको लागि नव—सन्देशगृहलाई सम्झनु होला ।

व्यवस्थापक

रिजाल, हेटौंडा

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा–कथा वस्तु

समाज परिवार र स्थान इ तीनै हुन जाहाँ बुद्धिको आविश्कार र शि-द्धान्तका चमत्कारहरूको प्रतिपादन हुन्छ। संगठन सैद्धान्तिक रण र हार जितको क्षेत्र पनि यहिहो। संसारको तमाम श्रृष्टि र प्राकृतिक कार्य प्रणालि एवं जीव–जन्तु, चर, अचर, दुङ्गा, मुढा इनवाट प्रभावित भएका हुन्छन् इनमा तिनको व्यवहारले मूल जन्मेको हुन्छ। मानिस प्रत्येक वस्तु लाई आफै जस्तो देख्दछ। हरेक चिजलाई आफ्नै रूप र आकारमा ढाल्छ। मानिस मानवताको रङ्गमा मस्त भई सबैलाई यहि अनुभूति प्रदान गर्न खोज्छ।

जव देख्दछ हरेक चिजलाई आफूतिर प्रवल वेग्ले सवै कुरोलाई आर्कषण गरेको अनि उ गर्वान्नित हुन्छ। घमण्डिउ हुन्छ स्वाथि हुन्छ र नि हर प्रकृतिलाई आफ्नै उदयतामा ल्याउछ। मानवताको नारामा मान्छे ले. मान्छे लाई ठूक्राउन थाल्छ। मान्छे, मान्छेको बेग्लै वगाल बन्न थाल्छ। मान्छेले मान्छेलाई नै मान्छे गन्दैन अनि दोन्दात्मक भौतिकवाद जन्मन्छ। मार्क्स जन्मन्छन्, एवजीएल्स आउँछन्। ठूला ठूला लेखक कविहरूले गोन्याँको देखाउछन् यो विश्वमा साना–साना जनवादि दल धार्मिक र समाजको नारा लाई छोडि ठूलो-ठूलो दल–वन्दीमा आउछन्। रडाको मचिन्छ, योत भयो राज नीतिकको कुरो।

मेरोत कथा वस्तुमा पोरडिने विचार थियो, तर कथावस्तु काल्पनिक हुँदैमा सवै कथाका आँस काल्पनिक या संसारको समाज वाहिरको हुन्छ र ?

CC-0. In Public Domain. Digitization by eGangotri

हुन ? परदेशका कथा देव देवीकोकथा राक्षस र दैत्यको कथा पनि यहि मानव समाजको अभिभाव भएकोले तिन्मा मान्छे कै चलन विगत समाजको रहनै पोतिएको हुन्छ

कथा कस्तो हुन्छ । जस्तो समाजका मानिस र पढेको प्रभावा अनि लेखक वा कथा वक्ताको श्रृजनात्मक प्रतिभा । मैले 'पढेर म पढदैछु अनेक कविता र किताबहरू पढेका किताबहरू अचम्म लाग्यो, तेसैले लेखु लाग्यो कल्पना उठछ, कल्पना भन्दा पनि सत्यकुरो वितेका कुरा मस्तिष्कमा सरर उदाउछन् र टा चट कुरा आउछ लेखु-लेखु लाग्छ अनि सुन्यविचारमा पौदिन पुग्छु ।

किताब हेरेको तेति खेरको देन होला ? शायद हुन सक्छ ।

तर हुबहु भएता पनि कल्पनात यहाँ अवश्यनै छ । कल्पना घटना लाइनै नाटकिय रूपदिन नवीकरण गर्न पढेको किताबको अनुभवलाई कथा वस्तुमा दर्शाउन अनि यथार्थ वादि दर्शन, समाजमा चेतना र शिक्षा एवं सिद्धान्तको प्रतिपादन गर्न आवश्यक पनि कल्पनाको साहारा लाइत लिनै पर्‍यो ।

म पनि लेख्न चाहन्छु विचार आँउछ कल्पना उठछ लेख्न पनि थाल्छु तर असीमित विचार नाटकिय अभावले मलाई कुत्यकुल्याउन थाल्छ । अनिम आफुमा केहि न पुगेको कमि कमजोरिकोभाव महसुस गर्न थाल्छु । तब मेरो अन्तर चेतना प्रति स्पर्धामा नुहेको भान हुन्छ । म आत्म श्लाघाबाट खस्दछु लेखनि रोकिन थाल्छ ।

त्यस्तो कसरि लेख्ने त्यस्तो कसरि बन्ने मदन पुरस्कार, नोवल पुरस्कार, लेलिन पुरस्कार, जस्ता पुरस्कार पाउने आशाले तनाव मनमा आउछ, फेरि कलम उठछ, पुरस्कारेका लागी लेखेर नाम कमाइने पुरस्कार जितने भए कतिले भेटि सक्थे होलान भन्ने तर्कले फेरि कलमलाई सुस्त

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउछ ।

मेरो लेख जति म लेखछु, राजनैतिक कुरा मिसिएको हुन्छ, केहि भविष्य बारि परेको हुन्छ । अनि सही आलोचना गवेषणाको आशा रहेको हुन्छन्, समाजको यथार्थ चित्रण र आजको केहि खास–खास विह्वलतालाई दिएका हुन्छन । ती हुन्छन् कथा, कविता, नाटक, लेख, निबन्ध भाषा जेसुकै विषय वस्तुमा ।

अनित न अखबार पत्र–पत्रिकामा छपिन्छन् न त पुस्तक प्रकाशनहरूले आफै छपाउने कहिल्यै खर्च हुदैन, कहिले भने यस्तो वस्तु पर्छ जेल जान पर्ने या सर्वस्व हुने वा किताबमा प्रतिबन्ध लाग्ने हुन्छ ।

तेसैले अब के कस्तो कसरि लेख्ने म घोरिन्छु । घोरिनै रहन्छु, अनि लेख्न थाल्छु, अधुरो रहन्छ–अपुरो छुटछ अनि त अपुरा पनि समेटेर राख्यो राख्दै गयो, आज यहाँ, भोलि उहाँ, पर्सी कहाँ अनि त पन्ना उतेर जान थाल्छन, रोक्दा रोक्दैपनि सानें पुरा गरेर राख्न पाए हुन्थ्यो छपाई हाल्न पाए हुन्थ्यो विचारको विचारै रहन्छ बदै गएका पन्ना । ठेलि फेरि घटदै जान्छन उहि एक स्मरण मैइलेपनि लेखेको थिए, रहन्छ हृदयमा रहन्छ ।

बस त्यति मात्र हो ।

मेरा आफ्ना पाराका साथिहरू झण्डामि झिमेकी र हितकरहरू सँग रहेका हुन्छ, उनी मध्ये सबै जसो न भएपनि दुई–चार साथिहरु चाख राखेर कुरात गर्छन । सबै किसिमका कुरा हुन्छन । राजनीतिक कुरा पनि हुन्छ । तर पछिबाट भन्छन तिनी राजनीति छाडि कामगर तिमी यउटाले केहि खोले लाग्ने होइन, म भन्छु किन हुन्न हेर अब हाम्रो सक्ति र त्यागलाई छिट्टैनै केन्द्रिय भूत गरि देश निर्माणमा जुट्नु मुख्य काम भएर आएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले त के हाम्रा छिमेकी मुलुक पनि साहायतासे विभूषित गरी जोड तोड ले कल-कारखाना, बाटा, घाटो भनि नेपालको उन्नतिमा भिडेकैछन् ।

हामी जस्ता देश भक्त राष्ट्रवादीले त तँछाड म छाडको भावना हुत्याई तोर तरिका नयाँ तर्जुमा लिएर यउटै साँचोमा ढालि राष्ट्रको उत्थान गर्न परेको छ ।

साँचै भन्ने हो भने हाम्रा देशना किसान मजदूरहरु प्रसस्त छन् । खास भन्ने हो भने मजदूर वर्ग पनि देशमा प्रसत भई सके, हुनता २ ०७ सालमा प्रजातन्त्र आयो भन्थे मत सोन पिए, सुनेको कुराहो, इ मजदूर प्रगति तिर कुनै ध्यान दिईएन रे बल्लु श्रमिकहरू बारे विचार बिमर्स हुँदा नेपालमा मजदूर वर्ग नै छैनन् भन्ने निस्कर्षमा उति बेलाका दल--नेताहरुले कुर्ले । अनि प्रजातन्त्रको नाममा कलंक लगाउने कांइराला बन्धु, आचार्य गुटहरुले चुगल खोरीलाई र आफ्नो प्रभूत्वको बाटो हेरि काम गरे, जस्मा बढता कुरो र काम कामको दृष्टान्त प्रस्ट देखियो । कुनै कुरो केहि साच बिचारे नगरी जन समक्ष राख्दै आए, फलस्वरुप पछि खुद धोका खाई आज नदीमा हाम्फालेर आत्म हत्या गर्ने जान लाको, कुनै संसारबाट पलायित व्यक्तिझै आज तिन्को अवस्था भएकोले तेतिखेर गर्वमा मस्त हुदै झुम्दै नदिका छेउमा पुगि सके का थिए । भ्रष्टाचार, घुसखोर, र सामेन्ते ग्रुप का पछौटे साबित भए । यस्ता बेलामा जनता जागरण र शक्ति संगठन ल्याउन सचेष्ट तत्व देश भक्तहरू लाग्ने नै भयौं ।

पछि राजा र जनतालाई सो कुरा थाहा भयो र एक करोडको भाग्य बिधाता विवेकशील राजा श्री ५ महेन्द्रको नेतृत्वमा पंचायति व्यवस्था को सिर्जना भयो र आज यउटै सुत्रमा एक भएर पंचायती व्यवस्थाको शासन

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणालीमा यउटै साचोंमा ढालि निर्दलिय व्यवस्थाको नाम पंचायती जन राज्य श्रृजना गरि सय दुई सय वर्षको प्रगति आठ दश वर्षमा गर्न याँहा आहवानलाई पुग्टाई गर्दै एक भएर जुटेका छौं। मलाई यति साथीहरू अति दिन्छन धन कमाउ सत्तल बाट छाडी बङ्गालामा जाऊ। चाहिने केटा केटीलाई पढाउने अध्ययन गर्ने सम्मको धन छुट कमाउ हाम त्यसैले धनको इच्छाले विह्वल हुन्छु। अनि फेरि लेखन कलम मसि समाउँछु।

अनि लेखनीबाट यस्ते आँउछ। जस्तो याहाँ सबैको अगाडि प्रस्तुत छ। जो होस म गर्दै छु।

कोसिस गर्नु सही उदेश्य राख्नु, अध्ययनमा समय लाग्छ गाहो पर्छ तर आशाको उदय र समाजको प्रतिरुप लेखनि यो श्रृष्ट हुन्छ। समयमा अवस्य विजय हुन्छ। तेसैले जेजस्तो बन्छ म उही लेख्छु लेख्दै जान्छु। अँत मेरो कथा वस्तु कस्तो हुनु पर्ने ?

CC-0. In Public Domain. Digitization by eGangotri

समाज परिवर्तनको एक हाँगो

समाजमा परिवर्तन ल्याउन आफू स्वयं परिवर्तित हुन् जान्नपर्छ, नकि अरू कसैले गर्लान भन्ने भावना सम्म पनि राख्न हुँदैन । परिवर्तन भनेको सर्पले काँचुलि फेरेको जस्तो न जानिंदो किसिमले देखा परि सकेको हुन्छ । परिवर्तत भनेको समयको खेलहो । त्यो समयको खेललाई खेलको ... जुवाडि भइर बारह मासे लेलग्गु लागे झैं गरेर आफूले पनि खेल्न सिकन पर्छ । जस्तो खेल समयमा खेल्न पर्छ समयमा खेल्न जानियन भने पछि परिन्छ भन्ने भविष्यवाणिलाई भूल्न हुन्न ? त्यस्को अर्थ समय र सि–जनमा खेल्ने खेलमा जस्तो भकुण्डो,भलिबल, क्यरिं बोर्ड, टेबूल टेनिस इत्यादि खेल पनि समय समयमा खेल्ने खेल हुन् । इसब समयमा खेल्नाले समाज परिवर्तन हुन्छ भन्न म सक्दिन । ठोकाका साथ समाजमा परिवर्तन गर्ने र ल्याउने हो भने सर्व प्रथम साधारण मनोवृतिमा र सर्व साधारणको विचार मानै परिवर्तन गर्न सकेमात्र समाजमा परिवर्तनको सुरूवात हुन सक्छ । फोसा परिवर्तनका मेरो घर्को परिवर्तन सून्छो भन्ने यउटै सानु कथा नै हुन जान्छ ।

मेरो घको ३ वर्ष अघि बियायेको बाच्छी आज उ आमाभई सकि २ वर्ष पहिला जन्मेको बहर आज उ टूल्लो सांडे भईसक्यो ईसब कुरापनि त परिवर्तन हुन् ।

तर योहो प्राकृतिक परिवर्तन, हाम्रो खोजिको परिवर्तनको नामहो समाज निर्माण र चेतन सिल प्रतिभा भएका ग्रुप (अथवा) समुह ।

लेख लेख्नु कविता लेख्नु, राजनीतिक जस्ता गम्भिरं विषय लिएर थिचिएको समाजमा नयाँ परिवर्तन गर्न खोज्नु रोजाउनु, लेख लेखेर सिधा

CC-0. In Public Domain. Digitization by eGangotri

साधा बर्गलाई बाठा टाठामा परिवर्तन गर्नु, गहन गहन जस्ता विषयमा अध्ययन गर्न लगाउनु इनै हुन परिवर्तनको मूल एक अङ्ग, हुनत आजकाल गरिबबाट धनि हुन, समाजलाई छक्याई अहंतामा गर्व भएर फेसन गरेर नग्न प्रर्दशन गरि आमार परिवारलाई भोको नाङ्गो राखि आफू दिनको दस पल्टा होटेल र रेष्टरेन्टमा फेसन परिवर्तन गरेर हिंडनु खानुनै समाजमा परिवर्तनसिल गनिनु रे (अथवा) परिवर्तित समाजका अगुवा गनिंन्छन रे भनेर गर्व गर्छन ।

आज समस्त विश्व परिवर्तनकै खोजिमा छ, र परिवर्तन नै हुन चाहन्छ, तर साहित्य जगतमा परिवर्तन हुन साहित्यिक व्यक्तिले चाहे भन्दैमा नयाँ नयाँ सब्दको संकलन गरि नयाँ गो रथाटो सम्म देखाउन सकिन्छ ।

सब्दलाई असब्द बनाई समाजमा बहुलाहाले लिएर हिडेको दया न भएको खुकुरी झैं सब्दलाई फुक्का छाडेर नाच्न दिएर साहित्य परिवर्तन भयो जस्तो मलाई लाग्दैन ।

आफ्ना देशका भोका नाङ्गालाई लत्याएर परदेशको इतिहास र लेख लेखेर इतिहासनै परिवर्तन भो भन्नु मत धिक्कार ठान्छु ।

जिउँदा मूर्तिहरूलाई ए मसानका माहा भूत हो भनि सियोलाई दर्बार बनाइ पद्य कवितामा नयाँ उपनामले उभिने प्रसस्त कविहरू छन, लामो उपनामको "श्री" जोडन पाए, राजमान, सनमान जस्ता उपाधिको आसले गर्दा कारे ।

त्यसै सिक्रोमा मै ले पनि परिवर्तन हुन मात्र होइन उपाधि र राज सन्मानको भोको हुदा उपनामले देखा पर्न थालेकै छु । मेरो पिताले राखेको मेरो पुरानाम हो "माधव प्रसाद पराजुलि" । तर आजकाल मइले यो उपाधिको भोक र परिवर्तनको इच्छाले सम्पूर्ण भन्ने जस्तै परिवर्तन गरे ।

CC-0. In Public Domain. Digitization by eGangotri

सब परिवर्तिक र परिवर्तनशिल समाज भनेर भावण दिन्छन, आफुमा भने तौ सब कुराको कमि । मेरी श्रीमती झट आएर मेरो नजिक आफ्नो लाडे भाषामा भन्न थालिन, आफु हजुर किन परिवर्तन भनेर मरि मेटन खोज्नु हुन्छ आफुमा वर्ष पिछे भने जस्तो परिवर्तन भई बक्सेकों छ। म आश्चर्य भएर सोधन थाले उन्ल सुरुगरिन—आजयको ड्याडि, अनिताको बुवा, अरुको पापा, मेरो आफु, मेरो राजा इत्यादि अनि म एक्कासी घोडा हिनहिने नयाँ रूपमा हासो थाम्न नसकि हाँसे । ए के भएसो भए समाज परिवर्तन भ चिन्याएको नबुझेरै रहेछ ।

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

CC-0. In Public Domain. Digitization by eGangotri

काठको खोजे गर्ने परे स-मिलमा भन

कति राम्रो स-मिल भो हेटौंडामा खासा
नयां घर बनाउ दाजू पुरा हुन्छ आसा
ठाऊं ठाऊमा बिक्री केन्द्र हाम्रै लागि भन्छन्
चाहे माफिक साइजको काठ आफै बन्छन् ।

दाजे स-मिलमा भन

थस्तो राम्रो सहमिलको डिपो थापाथली
बिक्री केन्द्र खुलि रैछ हाम्रै देश भर
स-मिलको नयां काठ आजै किनिकन
साइज-साइज काठ चाहे स-मिलमा भन

दाजे स-मिलमा भन

०००

हेटौंडा टि. सि. एन.

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छन, आफुना



नेपाल रेड्-क्रस सोसाइटि

यो मानविय परोपकार संस्थालाई आफ्नो आ-
फ्नो जिल्लामा साखा खोलि सहयोग गर्नुहोस ।

सम्पर्क स्थान :— नेपाल रेड्क्रस सोसाइटि
त्रिपुरेश्वर , काठमाण्डू

केन्द्रिय :— अध्यक्ष श्री ५ प्रिन्सेप शाह

वीरगंज, हेटौंडामा पनि यस्को साखाछ

अध्यक्ष :— श्री चन्द्र विक्रम शाह
वीरगंज ।

हेटौंडाको :— अध्यक्ष क्षेत्र बहादुर थापा

सचिव
चक्रपाणि रिजाल